# गण्डकी प्रदेशमा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना:** अपाङ्गता भएका व्यक्ति विरुद्ध हुने वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद तथा सबै प्रकारका भेदभाव, असमानता र उत्पीडनको अन्त्य गरी निजहरुको नागरिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको सम्मान गर्दै अपाङ्गता भएका व्यक्तिको सशक्तिकरण गरी समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तको आधारमा नीति निर्माण तथा विकास प्रक्रियामा सहभागी गराई स्वावलम्बी र सम्मानजनक जीवनयापनको सुनिश्चतता गरी सामाजिक न्याय कायम गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "गण्डकी प्रदेश अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अपाङ्गता भएका व्यक्ति" भन्नाले शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रीय सम्बन्धी दीर्घकालीन अशक्तता, कार्यगत सीमितता (फङ्सनल इम्पेरिमेन्ट) द्वारा सृजित विभिन्न अवरोधहरुसँगको अन्तरक्रियाको कारणले समाजमा अन्य व्यक्ति सरह समान आधारमा पूर्ण र प्रभावकारी ढंगमा सहभागी हुन बाधा भएका व्यक्ति सम्झनु पर्छ।

(ख) "अपाङ्गता अनुकुल" भन्नाले अपाङ्गता भएका व्यक्तिहरुले विना अवरोध स्वतन्त्र रुपमा सहभागिता जनाउन सक्ने पहुँचयुक्त समावेशी तथा सहज रुपमा प्रयोग गर्न मिल्ने भौतिक, डिजिटल, सामाजिक, आर्थिक र सांस्कृतिक वातावरण सम्झनु पर्छ ।

(ग) "अपाङ्गता भएका असहाय व्यक्ति" भन्नाले आफ्नो सम्पत्ति नभएका, स्याहार सुसार गर्ने परिवारका सदस्य वा संरक्षक नभएका वा आफैं रोजगार गरी जीवनयापन गर्न नसक्ने अपाङ्गता भएका व्यक्ति सम्झनु पर्छ ।

(घ) "उपयुक्त अनुकुल" भन्नाले अपाङ्गता भएका व्यक्तिहरुलाई अन्य व्यक्ति सरह समान आधारमा मानव अधिकार तथा आधारभूत स्वतन्त्रताहरुको उपभोग वा प्रयोग को सुनिश्चित गर्नको लागि कुनै निश्चित अवस्थामा आवश्यक भएकोमा असमानुपातिक वा अनुचित भार नपारि प्रदान गरिने आवश्यक र उपयुक्त सुधार वा अनुकुलता सम्झनु पर्छ ।

(ङ) "पहुँचयुक्त" भन्नाले अपाङ्गता भएका व्यक्तिलाई स्वनिर्भरतापूर्वक जीवनयापन गर्न तथा जीवनका हरेक पक्षमा पूर्ण रुपले सहभागी हुन सक्ने गरी सक्षम बनाउन मानव निर्मित भौतिक संरचना,

यातायातका साधन, सूचना र सञ्चारका उपकरण तथा प्रविधि वा सर्वसाधारणलाई खुला गरिएका सेवा तथा सुविधा बिना अवरोध समान रुपमा उपयोग गर्न सक्ने अवस्था सम्झनु पर्छ ।

(च) "प्रतिष्ठान" भन्नाले मुनाफा आर्जन गर्ने वा नगर्ने गरी उद्योग, व्यवसाय वा सेवा गर्ने उद्देश्यले प्रचलित कानुन बमोजिम स्थापना, दर्ता, गठन वा सञ्चालनमा रहेको कुनै कलकारखाना संघ, संगठन, संस्था कानुनी फर्म वा अन्य संस्था सम्झनु पर्छ ।

(छ) "प्रदेश सरकार" भन्नाले गण्डकी प्रदेश सरकार सम्झनु पर्छ ।

(ज) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको सामाजिक विकास सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(झ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ञ) "निर्देशन समिति" भन्नाले दफा २४ बमोजिम गठित समिति सम्झनु पर्छ।

(ट) "संघीय ऐन" भन्नाले अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ लाई सम्झनु पर्छ।

(ठ) "सामुदायिक सहायता सेवा" भन्नाले समुदायस्तरमा पूर्ण अशक्त तथा अति अशक्त अपाङ्गता भएका व्यक्तिको दैनिक जीवन सञ्चालन, सहभागिता तथा गमनशीलतालाई सहज बनाउन उपलब्ध गराइने व्यक्तिगत सहयोगी सेवा, सांकेतिक भाषा दोभाषे, स्पर्श सांकेतिक भाषा, नोट टेकर, फिङ्गर ब्रेल दोभाषे जस्ता मानवीय सहायता, प्रविधि तथा अन्य सेवा सम्झनु पर्छ।

(ड) "स्थानीय तह" भन्नाले गण्डकी प्रदेशभित्रका गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ ।

(ढ) "स्थानीय समन्वय समिति" भन्नाले संघीय ऐनको दफा ४२ बमोजिमको स्थानीय समन्वय समिति सम्झनु पर्छ।

## परिच्छेद - २

## अपाङ्गताको पहिचान वर्गीकरण तथा अभिलेख

३. **अपाङ्गताको पहिचान तथा वर्गीकरणः** अपाङ्गताको वर्गीकरण तथा पहिचानको सूचक संघीय ऐन बमोजिम हुनेछ।

४. **अपाङ्गता परिचयपत्र सम्बन्धी व्यवस्थाः** (१) अपाङ्गता भएका व्यक्तिले अपाङ्गताको परिचयपत्र प्राप्त गर्न निज आफैंले वा निजको परिवारको कुनै सदस्य वा संरक्षकले देहायको कागजात सहित सम्बन्धित स्थानीय तहमा निवेदन दिनु पर्नेछः-

(क) सम्बन्धित वडा कार्यालयको सिफारिस,

(ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा राष्ट्रिय परिचयपत्रको प्रतिलिपि वा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ग) सरकारी अस्पतालबाट जारी भएको अपाङ्गताको समस्या पहिचान सम्बन्धी सिफारिस,

(घ) पासपोर्ट साइजको फोटो दुई प्रति (शारिरिक अपाङ्गता भएका व्यक्तिको हकमा पूर्ण कदको फोटो समेत)।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अपाङ्गता भएका कुनै व्यक्ति आफैंले निवेदन दिन नसक्ने भएमा वा निजको परिवारको कुनै सदस्य वा संरक्षक पनि नभएमा स्थानीय तहका सम्बन्धित वडाका वडा अध्यक्षले अपाङ्गता परिचय पत्रको लागि निजको तर्फबाट उपदफा (१) बमोजिम निवेदन दिन सक्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम निवेदन प्राप्त भएपछि स्थानीय तहले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा प्रष्ट रूपमा अपाङ्गता देखिने व्यक्तिको हकमा अपाङ्गता वर्गीकरण समेत उल्लेख गरी तोकिए बमोजिमको ढाँचामा अपाङ्गताको परिचयपत्र दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम निवेदन जाँचबुझ गर्दा अपाङ्गताको कुन वर्गीकरणमा पर्ने हो प्रष्ट नभएका वा अपाङ्गता भए वा नभएको सम्बन्धमा द्विविधा भएका व्यक्तिको हकमा स्थानीय समन्वय समिति समक्ष पेस गरी सो समितिको निर्णयको आधारमा उपदफा (३) बमोजिम अपाङ्गताको परिचयपत्र दिनु पर्नेछ।

(५) स्थानीय समन्वय समितिले उपदफा (४) बमोजिम निर्णय गर्नु अघि अपाङ्गताको परिचयपत्र प्राप्त गर्ने व्यक्तिको शारीरिक परीक्षण गर्न आवश्यक देखेमा सरकारी स्वास्थ्य संस्थामा परीक्षण गर्न सम्बन्धित स्थानीय तहलाई अनुरोध गरी पठाउनेछ।

(६) यस दफा बमोजिम जाँचबुझ वा शारीरिक परीक्षण गर्दा कुनै व्यक्तिलाई अपाङ्गताको परिचयपत्र दिन मिल्ने नदेखिएमा स्थानीय तहले सोको कारण सहितको लिखित जानकारी निवेदकलाई दिनुपर्नेछ।

(७) अपाङ्गता भएका व्यक्तिलाई परिचयपत्र दिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५. <u>झुट्टा विवरण दिई परिचयपत्र प्राप्त गर्न नहुनेः</u> (१)कसैले पनि झुट्टा विवरण दिई अपाङ्गताको परिचय पत्र प्राप्त गर्न वा एक प्रकारको अपाङ्गताको वर्गीकरणमा पर्नेमा झुट्टा विवरण दिई अर्को प्रकारको वर्गीकरणको अपाङ्गताको परिचयपत्र प्राप्त गर्नु हुँदैन।

(२) कसैले उपदफा (१) विपरीत अपाङ्गताको परिचयपत्र प्राप्त गरेमा त्यस्तो व्यक्तिको परिचयपत्र रद्द गरी निजलाई प्रचलित कानून बमोजिम कारबाही गरिनेछ।

(३) कसैले झुट्टा विवरण दिई प्राप्त गरेको अपाङ्गताको परिचयपत्रको आधारमा प्रचलित कानुन बमोजिम अपाङ्गता भएका व्यक्तिको लागि आरक्षित गरिएका पदमा कुनै व्यक्ति नियुक्ति भएको पाइएमा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो नियुक्ति जुनसुकै बखत बदर गरी निजले पाएको तलब तथा अन्य सुविधा समेत सरकारी बाँकी सरह असुल उपर गरी पद प्राप्तिका लागि योग्यता ढाँटेको कसुर गरेको मानी प्रचलित कानुन बमोजिम सजाय गरिनेछ।

६. <u>अभिलेख राख्नु पर्नेः</u> (१)स्थानीय तहले आफ्नो क्षेत्रभित्र स्थायी रूपमा बसोबास गर्ने अपाङ्गता भएका व्यक्तिको तोकिए बमोजिमको विवरण सहित अभिलेख तयार गरी प्रत्येक वर्ष अद्यावधिक गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अद्यावधिक गरेको अभिलेख स्थानीय तहले मन्त्रालयमा पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त अभिलेखको आधारमा मन्त्रालयले अपाङ्गता भएका व्यक्तिको एकीकृत विवरण तयार गर्नु पर्नेछ।

(४) यस दफा बमोजिम अभिलेखमा समावेश नभएका अपाङ्गता भएका व्यक्तिलाई यस ऐन बमोजिम उपलब्ध गराउने सेवा, सुविधा प्रदान गर्न बाध्य हुने छैन।

## परिच्छेद - ३

## अपाङ्गता भएका व्यक्तिको अधिकार

७. **प्रचलित कानुन बमोजिम अधिकार उपभोग गर्न पाउनेः** अपाङ्गता भएका व्यक्तिलाई यस ऐन द्वारा प्रदत्त अधिकारका अलावा प्रचलित कानुन बमोजिमका सबै अधिकारहरू अन्य व्यक्ति सरह बिना अवरोध समान आधारमा उपभोग गर्न पाउने अधिकार हुनेछ।

८. **भेदभाव विरुद्धको अधिकारः** (१) अपाङ्गता भएका व्यक्तिलाई निजको शारीरिक अवस्था, उत्पत्ति, जातजाति, समुदाय, पेशा वा व्यवसायको आधारमा कुनै भेदभाव गरिने छैन।

(२) अपाङ्गता भएका व्यक्तिलाई राजनीतिक, आर्थिक, सामाजिक वा सांस्कृतिक क्षेत्रमा मानव अधिकार तथा आधारभुत स्वतन्त्रताको उपभोग वा प्रयोगमा बाधा सृजना गर्ने वा अपाङ्गताको आधारमा भिन्न गराउने, बहिष्करण गर्ने, अस्वीकार गर्ने वा रोक लगाउने कार्य गर्नु हुँदैन।

९. **सामुदायिक जीवनको अधिकारः** (१) अपाङ्गता भएका व्यक्तिलाई अन्य व्यक्ति सरह बिना अवरोध समान रुपमा आफ्नो परिवार वा संरक्षकसँग वा आफुले छनोट गरेको वासस्थानमा बस्ने अधिकार हुनेछ र निजलाई कुनै खास स्थानमा बस्नका लागि बाध्य पारिने छैन।

(२) अपाङ्गता भएका व्यक्तिलाई सम्मानपूर्वक जीवनयापन गर्न तोकिए बमोजिम सहायक सामग्री र सामुदायिक सहायता सेवा पाउने अधिकार हुनेछ।

१०. **संरक्षणको अधिकारः** अपाङ्गता भएका व्यक्तिलाई आफ्नो घर परिवारमा अन्य व्यक्ति सरह बिना अवरोध, शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक सुरक्षा सेवा प्राप्त गर्ने अधिकार हुनेछ ।

११. **सहभागिताको अधिकारः** (१) अपाङ्गता भएका व्यक्तिलाई सामाजिक, आर्थिक लगायत सार्वजनिक जीवनका गतिविधिहरुमा सहभागी हुने अधिकार हुनेछ ।

(२) अपाङ्गता भएका व्यक्तिलाई अन्य व्यक्ति सरह समान आधारमा निर्वाचनमा उम्मेदवार हुने र स्वेच्छिक रुपमा कसैको सहयोग लिई वा नलिई मतदान गर्ने अधिकार हुनेछ ।

(३) अपाङ्गता भएका व्यक्तिको अधिकारसँग प्रत्यक्ष सरोकार राख्ने महत्त्वपूर्ण नीति निर्माण र अन्य निर्णय प्रक्रियामा सहभागी हुने अधिकार हुनेछ।

१२. **सूचना तथा सञ्चारको अधिकारः** अपाङ्गता भएका व्यक्तिहरूलाई सार्वजनिक सूचना र अपाङ्गतासँग सम्बन्धित सरोकार राख्ने सबै सूचना तथा जानकारीहरू पहुँचयुक्त ढाँचामा प्राप्त गर्ने अधिकार हुनेछ।

१३. **आवतजावतको अधिकारः** (१) अपाङ्गता भएका व्यक्तिलाई अन्य व्यक्ति सरह आफ्नो सहायक सामग्री र आफूले रोजेको सहयोगीका साथ आवतजावत गर्ने अधिकार हुनेछ ।

(२) अपाङ्गता भएका व्यक्तिलाई पहुँचयुक्त सडक, सवारी साधन वा उपयुक्त माध्यमबाट आवतजावत गर्ने अधिकार हुनेछ।

१४. **संस्था खोल्ने अधिकारः** अपाङ्गता भएका व्यक्तिलाई प्रचलित कानुन बमोजिम संघ, संस्थाको स्थापना, सञ्चालन र व्यवस्थापन गर्न पाउने अधिकार हुनेछ।

१५. **गोपनियताको अधिकारः** अपाङ्गता भएका व्यक्तिहरुलाई उनीहरुको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार र चरित्र सम्बन्धी विषयमा कानुन बमोजिम गोपनियताको अधिकार हुनेछ ।

१६. **अपाङ्गता भएका व्यक्तिको शिक्षा सम्बन्धी अधिकारः** (१) अपाङ्गता भएका व्यक्तिलाई कानून बमोजिम निःशुल्क शिक्षा प्राप्त गर्ने अधिकार हुनेछ।

(२) अपाङ्गता भएका व्यक्तिलाई प्रदेश सरकारले तोके बमोजिमका शैक्षिक संस्थामा निःशुल्क शिक्षा प्रदान गरिनेछ।

(३) अपाङ्गता भएका व्यक्तिलाई उनीहरूको अपाङ्गता अनुकल हुने गरी अपाङ्गताको विविधता र अन्तरवर्गीयताको आवश्यकतामा आधारित समावेशी शिक्षा दिइनेछ।

(४) अपाङ्गता भएका व्यक्तिलाई उनीहरूको रुचि र क्षमता अनुसारको प्राविधिक शिक्षा प्राप्त गर्ने अवसरबाट वञ्चित गरिने छैन।

(५) अपाङ्गता भएका व्यक्तिलाई आवश्यकता अनुसार परिवार वा सामुदायिक सहयोगको अवधारणामा आधारित शिक्षा प्रदान गर्न सकिनेछ।

(६) अपाङ्गता भएका व्यक्तिको फरक र विशिष्ट आवश्यकता अनुसार पहुँचयुक्त शैक्षिक सामाग्री तथा सहायक प्रविधि उपलब्ध गराइनेछ।

(७) निजी क्षेत्रबाट सञ्चालित विद्यालयले अपाङ्गता भएका व्यक्तिलाई तोकिए बमोजिम निःशुल्क शिक्षा प्रदान गर्नुपर्नेछ।

(८) प्रदेश सरकारले अपाङ्गताको वर्गीकरण र विशिष्ट आवश्यकता अनुसार पाठ्यक्रम, उपयुक्त परीक्षा तथा मूल्याङ्कन प्रणाली विकास गरी लागु गर्न सक्नेछ।

## परिच्छेद - ४

## सिप विकास, रोजगार तथा स्वरोजगार

१७. **तालिम, रोजगारी र स्वरोजगारः** (१) अपाङ्गता भएका व्यक्तिलाई उनीहरूको क्षमता र आवश्यकता अनुसार रोजगारीको अवसरमा प्राथमिकता दिइनेछ।

(२) अपाङ्गता भएका व्यक्तिलाई आत्म निर्भर बनाउन आवश्यक पर्ने पेसागत, व्यावसायिक तथा प्राविधिक सिप, कच्चा पदार्थ र प्रविधि प्रदान गरिनेछ।

(३) पूर्ण अशक्त अपाङ्गता, बौद्धिक अपाङ्गता, अटिजम सम्बन्धी अपाङ्गता भएका व्यक्तिका अभिभावकलाई उनीहरूको रुचि, क्षमता र योग्यता अनुसार आत्म निर्भर बनाउन आवश्यक पर्ने पेसागत, व्यावसायिक सिप, कच्चा पदार्थ र प्रविधि प्रदान गरिनेछ।

(४) अपाङ्गता भएका व्यक्तिलाई उनीहरूको अपाङ्गता र अवस्थाको आधारमा रोजगारीका अवसर प्रदान गर्दा भेदभाव गरिने छैन।

(५) अपाङ्गता भएका व्यक्तिहरूलाई रोजगारी प्रदान गर्दा आवश्यक पर्ने सहायक सामग्री, प्रविधि र पहुँचयुक्त कार्यस्थलको व्यवस्था गर्न सकिनेछ।

(६) अपाङ्गता भएका व्यक्तिले उद्योग तथा व्यवसाय सञ्चालन गरेमा व्यवसाय दर्ता छुट, अनुदान तथा सहुलियत उपलब्ध गराइनेछ ।

## परिच्छेद - ५

## स्वास्थ्य, सामुदायिक पुनर्स्थापना तथा सहायक सामाग्री र प्रविधि

१८. **निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउनेः** (१) अपाङ्गता भएका व्यक्तिहरूलाई तोकिए बमोजिम सार्वजनिक वा निजी रूपमा सञ्चालित अस्पतालहरूमा निःशुल्क स्वास्थ्य परीक्षण तथा उपचारको व्यवस्था गरिनेछ।

(२) अनुवंशिय रक्त श्राप (हेमोफिलिया) सम्बन्धी अपाङ्गता भएका व्यक्तिका लागि आवश्यक पर्ने फ्याक्टर निःशुल्क रूपमा उपलब्ध गराउन सकिनेछ।

(३) प्रदेश सरकारले अपाङ्गता भएका व्यक्तिहरुको तोकिए बमोजिम स्वास्थ्य बिमा गर्नेछ।

(४) उपचारको लागि अस्पतालमा आउने अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकताका साथ उपचार सेवाहरू उपलब्ध गराउनु पर्नेछ ।

(५) अपाङ्गता भएका व्यक्तिले अपाङ्गताको कारण नियमित प्रयोग गर्नुपर्ने औषधी निःशुल्क रूपमा प्रदान गर्न सकिनेछ।

(६) अपाङ्गता भएका व्यक्तिलाई स्वास्थ्य सेवा उपलब्ध गराउन स्वास्थ्य सेवा प्रदायक संस्थाहरुले पहुँचयुक्ततालाई सुनिश्चित गर्नुपर्नेछ।

(७) स्वास्थ्य पुनःस्थापनाका सेवाहरू स्थानीयस्तर बाट प्रवाह गरिनेछ।

१९. **सामुदायिक पुनःर्स्थापना सम्बन्धी व्यवस्थाः** (१) अपाङ्गता भएका व्यक्तिले निजले चाहेको समुदायमा नै रही सक्रिय जीवन जिउन सक्ने बनाउन तोकिए बमोजिम सामुदायिक सहायताको अवधारणामा आधारित व्यक्तिगत सहयोगी सेवा तथा हेरचाहकर्ता सहितको सामुदायिक सहायता सेवा प्राप्त गर्नेछन्।

(२) पुर्ण वा अति अशक्त असहाय अपाङ्गता भएका व्यक्तिहरूले समुदायमा सहज पहुँचको लागि आवश्यक पर्ने वासस्थान वा आवासीय सुविधा सहितका सामुदायिक सहायता सेवाहरू प्राप्त गर्नेछन् ।

(३) प्रदेश सरकारले अपाङ्गता भएका असहाय व्यक्तिहरुलाई संरक्षणको लागि सामुदायिक आवासको व्यवस्थापन गर्न सक्नेछ ।

(४) पूर्ण अशक्त अपाङ्गता, मस्तिष्क पक्षघात बौद्धिक, डाउन सिन्ड्रोम र अटिज्म अपाङ्गता भएका व्यक्तिहरुको हेरचाह, रेखदेख र संरक्षणको लागि दिवा सेवा केन्द्र सञ्चालनको लागि आवश्यक व्यवस्था गरिनेछ।

(५) विपद्को समयमा जोखिमको अवस्था रहेका अपाङ्गता भएका व्यक्तिलाई खोज, उद्दार, संरक्षण र पुनःस्र्थापना गर्दा प्राथमिकता दिइनेछ ।

२०. **<u>सहायक सामग्री तथा प्रविधि उत्पादन तथा वितरण सेवाः</u>** (१) प्रदेश सरकारले अपाङ्गता भएका व्यक्तिहरूलाई आवश्यक पर्ने सहायक सामाग्री तथा प्रविधिको उपलब्धतालाई सर्वसुलभ बनाउन प्रदेश तथा जिल्लाका तोकिएका अस्पतालहरूमा सहायक सामाग्री उत्पादन र वितरणको व्यवस्था गर्नेछ ।

(२) अपाङ्गता भएका व्यक्तिहरूका लागि आवश्यक पर्ने सहायक प्रविधिहरूको सहज आपूर्तिको लागि आवश्यक व्यवस्था गरिनेछ।

(३) अपाङ्गता भएका व्यक्तिलाई सहायक सामग्री वितरण गर्दा नापजाँच गरी वितरण गर्नुपर्नेछ।

(४) अपाङ्गता भएका व्यक्तिहरुको लागि सहायक सामग्री र प्रविधि उत्पादन गर्न प्रदेश सरकारले प्रोत्साहन गर्नेछ।

## परिच्छेद - ६

## <u>खेलकुद, कला, संस्कृति तथा मनोरञ्जन</u>

२१. **<u>खेलकुदमा सहभागी गराउनेः</u>** (१) प्रदेश सरकारले अपाङ्गता भएका व्यक्तिलाई विशेष व्यवस्था गरी अन्य व्यक्ति सरह खेलकुद सम्बन्धी क्रियाकलापमा सहभागी गराउनेछ।

(२) प्रदेश सरकारबाट आयोजना गरिने खेलकुद कार्यक्रममा आवश्यकतानुसार अपाङ्गता भएका व्यक्तिले खेल्ने पारा तथा विशेष खेलकुद समावेश गरिनेछ।

(३) प्रदेश सरकारले खेलकुद संरचनालाई अपाङ्गतामैत्री बनाउनेछ ।

(४) स्थानीय तहले अपाङ्गता भएका बालबालिकाको लागि समेत अन्य बालबालिका सरह विद्यालयस्तरमा खेलकुद प्रतियोगिता सञ्चालन गर्ने व्यवस्था गर्नु पर्नेछ।

२२. **<u>कला, संस्कृति तथा मनोरञ्जनः</u>** प्रदेश सरकारले अपाङ्गता भएका व्यक्तिको कलाको विकास र प्रवर्द्धन गर्न तथा सांस्कृतिक एवम् मनोरञ्जनको अधिकारको संरक्षण गर्न देहायको व्यवस्था गर्नेछः-

(क) अपाङ्गता भएका व्यक्तिको कला, साहित्य, सिपको विकास गर्न सहयोग उपलब्ध गराउने,

(ख) अपाङ्गता भएका व्यक्तिको कलालाई प्रवर्धन गर्न विभिन्न प्रतियोगितामा भाग लिने अवसर प्रदान गर्ने,

(ग) अपाङ्गता भएका व्यक्तिहरुको लागि कला, संस्कृति र मनोरञ्जन स्थलहरुमा पहुँचयुक्तता सुनिश्चित गर्ने,

(घ) अपाङ्गता भएका व्यक्तिलाई सेवा उपलब्ध गराउने मनोरञ्जन केन्द्र तथा संघ संस्थालाई सहयोग गर्ने ।

**परिच्छेद - ७**

**अपाङ्गता भएका महिला तथा बालबालिकाका थप अधिकार**

२३. **अपाङ्गता भएका महिलाका अधिकारः** (१) प्रदेश सरकारले अपाङ्गता भएका महिलाका अधिकारहरूलाई संरक्षण गर्न तथा उनीहरुको ज्ञान, सीप तथा क्षमताको उच्चतम उपयोगका लागि उपयुक्त वातावरण निर्माण गर्नेछ ।

(२) अपाङ्गता भएका महिलाहरूको विशेष आवश्यकतालाई मध्यनजर गर्दै अपाङ्गता भएका महिलाको स्वास्थ्य तथा प्रजनन स्वास्थ्य अधिकारको लागि आवश्यक व्यवस्था गरिनेछ।

(३) प्रदेश सरकारले अपाङ्गता भएका महिलाहरुको न्यायमा पहुँच अभिवृद्धि गर्न विशेष व्यवस्था गर्नेछ।

(४) अपाङ्गता भएका महिलाहरुलाई वैवाहिक जीवन रोज्ने एवं सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी अधिकार हुनेछ।

(५) अपाङ्गता भएका महिलाहरुलाई सुरक्षित मातृत्व, परिवार नियोजन र यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी शिक्षा पहुँचयुक्त ढाँचामा प्राप्त गर्ने अधिकार हुनेछ ।

(६) सार्वजनिक र निजी क्षेत्रमा रोजगारी गर्ने अपाङ्गता भएका महिलाहरुलाई अपाङ्गताको अवस्थाको कारणले थप प्रसुति विदा आवश्यक पर्ने भएमा चिकित्सकको सिफारिसमा थप तीस दिनसम्मको तलवी विदा दिन सकिनेछ ।

(७) प्रदेश सरकारले हिंसा पीडित अपाङ्गता भएका महिलाको विशेष संरक्षण गर्नेछ ।

२४. **अपाङ्गता भएका बालबालिकाको अधिकारः** (१) बालबालिकाहरुलाई हुन सक्ने अपाङ्गताको निःशुल्क प्रारम्भिक पहिचान र न्यूनीकरणको लागि तोकिए बमोजिमको उपचार सेवा प्राप्त गर्ने अधिकार हुनेछ ।

(२) अपाङ्गता भएका बालबालिकालाई अन्य बालबालिका सरह शिक्षा प्राप्त गर्ने अधिकार हुनेछ।

(३) अपाङ्गता भएका बालबालिकालाई आफ्नो घर परिवारमा बस्ने अधिकार हुनेछ ।

(४) अपाङ्गता भएका बालबालिकालाई उनीहरूलाई शिक्षा दिने वा कुनै पनि सेवा सुविधा दिने बहानामा अदालतको आदेश बाहेकका परिस्थितिमा घर परिवारबाट अलग्याउन पाइने छैन ।

**परिच्छेद - ८**

**निर्देशन समिति सम्बन्धी व्यवस्था**

२५. **निर्देशन समितिः** (१) अपाङ्गता भएका व्यक्तिको अधिकार संरक्षण गर्न विद्यमान कानूनको प्रभावकारी कार्यान्वयनका लागि समन्वय, सहजीकरण, अनुगमन तथा मूल्याङ्कनका लागि एक प्रदेशस्तरीय निर्देशन समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) मन्त्री, मन्त्रालय - अध्यक्ष

| | | |
|---|---|---|
| (ख) | प्रदेश नीति तथा योजना आयोगको सामाजिक विकास क्षेत्र हेर्ने सदस्य | - सदस्य |
| (ग) | सचिव, मन्त्रालय | - सदस्य |
| (घ) | सचिव,आन्तरिक मामिला सम्बन्धी विषय हेर्ने मन्त्रालय | - सदस्य |
| (ङ) | सचिव, स्वास्थ्य सम्बन्धी विषय हेर्ने मन्त्रालय | - सदस्य |
| (च) | सचिव, कानून सम्बन्धी विषय हेर्ने मन्त्रालय | - सदस्य |
| (छ) | सचिव, आर्थिक मामिला विषय हेर्ने मन्त्रालय | - सदस्य |
| (ज) | अध्यक्ष वा प्रतिनिधि, राष्ट्रिय अपाङ्ग महासंघ नेपाल गण्डकी प्रदेश | - सदस्य |
| (झ) | अपाङ्गता भएका व्यक्तिहरुको प्रदेशस्तरका संघ, संगठन, महासंघ तथा मानव अधिकारको क्षेत्रमा कार्यरत संस्था वा व्यक्तिमध्ये फरक फरक अपाङ्गताका वर्गबाट समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तको आधारमा कम्तीमा ५ जना महिला सहित १० जना | - सदस्य |
| (ञ) | अपाङ्गताको क्षेत्रमा कार्य गरी योगदान पुऱ्याएका गण्डकी प्रदेशका व्यक्तिमध्येबाट कम्तीमा एक जना महिला सहित दुई जना | - सदस्य |
| (ट) | लैङ्गिक तथा यौनिक अल्पसंख्यक अपाङ्गता भएका व्यक्ति एक जना | - सदस्य |
| (ठ) | सम्बन्धित महाशाखा प्रमुख, मन्त्रालय | -सदस्य सचिव |

(३) उपदफा (२) को खण्ड (ज), (झ), (ञ) र (ट) बमोजिमका सदस्यहरुको मनोनयन अध्यक्षले गर्नेछ र त्यस्ता सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ।

(४) उपदफा (२) बमोजिम मनोनित कुनै सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा अध्यक्षले त्यस्ता सदस्यलाई जुनसुकै बखत समितिबाट हटाउन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम कुनै सदस्यलाई पदबाट हटाउँदा निजलाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(६) समितिको सचिवालय मन्त्रालयमा रहनेछ ।

२६. **<u>समितिको काम कर्तव्य र अधिकारः</u>** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) अपाङ्गता सम्बन्धी नीति एवम् कानून तर्जुमा गर्न प्रदेश सरकारलाई सिफारिस गर्ने,

(ख) प्रदेश सरकारबाट स्वीकृत नीतिको अधिनमा रही अपाङ्गता सम्बन्धी योजना तथा कार्यक्रम लागु गर्ने, गराउने,

(ग) अपाङ्गता भएका व्यक्तिको अधिकार संरक्षण एवम् प्रवर्द्धनका साथै अपाङ्गता सम्बन्धी नीति योजना तथा कार्यक्रम कार्यान्वयनको अनुगमन गर्ने, गराउने,

(घ) अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न सरकारी र गैर सरकारी निकायबीच समन्वय गर्ने,

(ङ) अपाङ्गता सम्बन्धमा सूचना संकलन एवम् अध्ययन अनुसन्धान गर्ने, गराउने,

(च) अपाङ्गता भएका व्यक्तिको हक हित वा अधिकार विपरित कुनै काम कारवाही भए गरेको पाइएमा आवश्यक कारवाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउने,

(छ) तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने ।

२७. **<u>समितिको बैठक सम्बन्धी व्यवस्थाः</u>** (१) समितिको बैठक वर्षमा कम्तीमा तीन पटक बस्नेछ ।

(२) बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठकमा बहिरा र श्रवण दृष्टिविहिन सदस्यको लागि साङ्केतिक तथा स्पर्श साङ्केतिक दोभाषेको व्यवस्था गरिनेछ ।

(४) बैठकको निर्णय अध्यक्षले प्रमाणित गर्नेछ ।

(५) बैठक सम्बन्धी अन्य कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

२८. **<u>सुविधाः</u>** (१) समितिको खण्ड (ज), (झ), (ञ), (ट) बमोजिमका सदस्यलाई समितिको बैठकमा भाग लिन आउँदा अधिकृतस्तर सरह दैनिक भ्रमण भत्ता तथा यातायात खर्च उपलब्ध गराउन सकिनेछ।

(२) समितिको बैठकमा सहभागी सदस्यको दोभाषे तथा व्यक्तिगत सहयोगीलाई प्रचलित कानून बमोजिम यातायात खर्च उपलब्ध गराउन सकिनेछ ।

२९. **<u>बार्षिक प्रतिवेदनः</u>** समितिले आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन तयार गरी आर्थिक बर्ष समाप्त भएको तीन महिनाभित्र सार्वजनिक गर्नु पर्नेछ ।

३०. **<u>निर्देशन दिन सक्नेः</u>** प्रदेश सरकारले समितिको काम कारबाहीको सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

## परिच्छेद - ९

## <u>अपाङ्गता भएका व्यक्ति प्रतिको दायित्व</u>

३१. **<u>प्रदेश सरकार र स्थानीय तहको दायित्वः</u>** (१) अपाङ्गता भएका व्यक्तिको अधिकारको प्रभावकारी रूपमा कार्यान्वयन गर्ने गराउने दायित्व प्रदेश सरकार र स्थानीय तहको हुनेछ ।

(२) प्रदेश सरकार र स्थानीय तहको तर्फबाट अपाङ्गता भएका व्यक्तिलाई उपलब्ध गराइने सेवा सुविधाहरुलाई सहज रूपमा प्राप्त गर्ने कार्यमा सहजीकरण गर्ने दायित्व प्रदेश सरकारको हुनेछ ।

(३) आफ्नो क्षेत्रमा रहेका अपाङ्गता भएका व्यक्तिलाई स्थानीय स्तरबाट उपलब्ध हुने सेवा सुविधा तथा अवसरहरू उपलब्ध गराउने दायित्व सम्बन्धित स्थानीय तहको हुनेछ ।

(४) अपाङ्गता भएका व्यक्तिलाई आधारभूत स्वास्थ्य सेवा घुम्ती स्वास्थ्य क्लिनिक मार्फत् उपलब्ध गराउने दायित्व स्थानीय तहको हुनेछ ।

(५) अपाङ्गता भएका व्यक्तिहरुको लागि पहुँचयुक्त ढाँचामा सूचना प्रवाह गर्न स्थानीय तहको अपाङ्गताको विषय हेर्ने शाखामा अपाङ्गता सूचना केन्द्र स्थापना गरी सूचना प्रवाह गर्ने दायित्व स्थानीय तहको हुनेछ ।

(६) यस ऐन बमोजिम प्रदान गरिने सेवाहरुको सुनिश्चितताका लागि प्रदेश सरकार र स्थानीय तहले आवश्यक रकम विनियोजन गर्नेछ।

(७) स्थानीय तहले अपाङ्गता भएका व्यक्तिले प्राप्त गर्ने सेवालाई प्रभावकारी बनाउन उपयुक्त कार्यविधि बनाई लागू गर्न सक्नेछ।

३२. **<u>शिक्षण संस्थाको दायित्वः</u>** (१) शैक्षिक संस्थाले अपाङ्गता भएका व्यक्तिहरुको पहुँचयुक्ततालाई सुनिश्चित गर्नुपर्नेछ ।

(२) अपाङ्गता भएका व्यक्तिलाई यस ऐनमा उल्लेख गरिएका शिक्षा सम्बन्धी व्यवस्था कार्यान्वयन गर्ने दायित्व सम्बन्धित शिक्षण संस्थाको हुनेछ ।

३३. **<u>परिवारका सदस्यको दायित्वः</u>** परिवारका सदस्य वा संरक्षकले अपाङ्गता भएका व्यक्तिलाई अपाङ्गताको अवस्था बमोजिम विशेष ध्यान दिई हेरविचार तथा पालनपोषण गर्ने र शिक्षाको अवसर उपलब्ध गराउनुपर्नेछ ।

३४. **<u>अपाङ्गता भएका व्यक्ति प्रतिको सामाजिक उत्तरदायित्वः</u>** प्रतिष्ठान तथा शैक्षिक संस्थाले अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य, शिक्षा, रोजगारीको अवसरको सम्बर्द्धन र प्रवर्द्धनको लागि आफ्नो आयबाट निश्चित रकम सामाजिक उत्तरदायित्व अन्तर्गत छुट्याउनु पर्नेछ।

## परिच्छेद - १०

## <u>अपाङ्गता भएका व्यक्तिलाई सहुलियत र सुविधा</u>

३५. **<u>सहुलियत र सुविधाः</u>** (१) प्रदेश सरकारले अपाङ्गता भएका व्यक्तिलाई कृषि र स्वरोजगारमूलक व्यवसाय वा उद्यमशीलताका लागि अनुदान वा सहुलियत व्याजदरमा ऋण उपलब्ध गराउने व्यवस्था गर्नेछ ।

(२) प्रदेश सरकारले अपाङ्गता भएका व्यक्तिले उत्पादन गरेका वस्तुहरुको बजारीकरणमा सहयोग गर्नेछ।

## परिच्छेद - ११

## <u>विविध</u>

३६. **<u>नियम, कार्यविधि तथा निर्देशिका बनाउने अधिकारः</u>** यस ऐनको कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम, कार्यविधि वा निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

३७. **<u>खारेजी र बचाउः</u>** (१) अपाङ्गता सम्बन्धी प्रदेशस्तरीय निर्देशन समिति गठन कार्यविधि, २०७७ खारेज गरिएको छ ।

(२) अपाङ्गता सम्बन्धी प्रदेशस्तरीय निर्देशन समिति गठन कार्यविधि, २०७७ बमोजिम भएका कामकारबाही यसै ऐन बमोजिम भएको मानिनेछ ।